# प्रेस विज्ञप्ति

**शिक्षा मन्त्रालयले भारतीय भाषा उत्सव सुरु गर्ने र ३० सेप्टेम्बर २०२३ र १ अक्टोबर २०२३ मा "प्रविधि अनि भारतीय भाषाहरूमाथि दुई दिने शिखर सम्मेलन आयोजना गर्ने छ।**

शिक्षा मन्त्रालयले ३० सेप्टेम्बर २०२३ र १ अक्टोबर २०२३ मा भारतीय भाषा उत्सवको शुभारम्भ गर्न र २८ सेप्टेम्बर २०२३ देखि सुरु हुने ७५ दिने भारतीय भाषा उत्सवको एक हिस्साको रूपमा "प्रविधि अनि भारतीय भाषाहरूमा दुईदिने शिखर सम्मेलन आयोजना गर्न लागेको छ। शिखर सम्मेलनको उद्घाटन माननीय शिक्षा मन्त्री श्री धर्मेन्द्र प्रधानले भारतीय भाषा उत्सवको एक भागको रूपमा बाबा साहब डा. बिआर अम्बेडकर अन्तर्राष्ट्रिय केन्द्र, डा. राजेन्द्र प्रसाद रोड, नयाँ दिल्लीमा गर्नु हुनेछ। मुख्य सम्बोधन श्री श्रीधर भेम्बु, अध्यक्ष, आईआईआईटी-डिएम, कांचीपुरमका बोर्ड अफ गभर्नर्स र जोहो कर्पोरेशनका सिईओले दिनु हुनेछ।

शिखर सम्मेलनमा तीन विषयगत सत्रहरू हुनेछन् (i) भारतीय भाषाहरूको **लागि** प्रविधि (ii) भारतीय भाषाहरू**मा** प्रविधि, र (iii) भारतीय भाषाहरू **मार्फत** प्रविधि। विषयवस्तुका पक्षहरू सिकाइ, प्रशिक्षण पूर्व-सेवा र सेवामा रहेका शिक्षकहरू, पाठ्यपुस्तक लेखकहरू, परीक्षकहरू र विशेषज्ञहरूको साथमाभारतीय भाषाको ज्ञान र प्रवीणताको परीक्षणलगायत शिक्षण क्षेत्रमा प्रविधिको प्रयोग गर्ने उद्देश्य साथै शिक्षण-सिकाइ सामग्रीको अनुवाद र अन्ततः एनईपि-2020 मा परिकल्पना गरिएको शिक्षाको वर्तमान इकोसिस्टमबाट भारतीय भाषा इकोसिस्टममा सहज संक्रमण सुनिश्चित गर्नु हो।

दुईदिने शिखर सम्मेलनमा शिक्षा क्षेत्रका सबै सरोकारवालाहरूद्वारा कार्यान्वयनका लागि भारतीय भाषाहरूमा शिक्षाको परिकल्पना हासिल गर्ने मार्गचित्र तयार गरिनेछ। शिक्षा मन्त्रालयले आयोजना गरेको शिखर सम्मेलनमा विभिन्न पेशा र क्षेत्रका शिक्षाविद्, विद्यार्थी, अनुसन्धान विद्वान, शिक्षित एडुटेक अनि इन्फोटेक (तकनीकिविद्ध) उद्योग, प्राविधिक विज्ञ, सञ्चारकर्मी लगायतका लगभग १००० व्यक्तिको सहभागिता रहने अपेक्षा गरिएको छ ।सिप विकास र उद्यमशीलता मन्त्रालय (एमएसडिई) अनि तिनीहरूका घटक संस्थाहरू जस्तै, केन्द्रिय भारतीय भाषा संस्थान (सिआईआईएल), विश्वविद्यालय अनुदान आयोग (युजिसि), राष्ट्रिय शैक्षिक प्रविधि फोरम (एनईटिएफ), अखिल भारतीय प्राविधिक शिक्षा परिषद (एआईसिटिईए) ), व्यावसायिक तथा प्राविधिक शिक्षा राष्ट्रिय केन्द्र (एनसिभिटिई), राष्ट्रिय शिक्षक शिक्षा परिषद् (एनसिटिई), भारतीय भाषा समिति (बिबिएस), आदि। विवरणहरू शिखर सम्मेलनको वेबसाइटमा उपलब्ध छन्: https://technology-bharatiyabhasha.aicte- india.org